# मर्यादित र आत्मनिर्भर जीवन

# स्थापना दिवस

## १ चैत, २०७१




# प्रतिवेदन

सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
इमेल : landrights@csrcnepal.org
वेव : www.csrcnepal.org

**स्थापना दिवस**
**१ चैत, २०७१**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको स्थापना दिवस १ चैत, २०७१ मा अर्गानिक फार्म झुलेमा सम्पन्न भयो । २०४९ साल चैत १ गते सिन्धुपाल्चोक जिल्लामा स्थापना भएको आत्मनिर्भर केन्द्रले यो पटक पहिलो आफ्नो स्थापना दिवस मनाएको हो । संस्थाले यतिबेला २२ वर्ष सफलरूपमा पुरा गरेको छ ।

आत्मनिर्भर केन्द्र २०४८ सालमा स्थापना भएपछि २०५१ सालसम्म गाउँमा सिन्धुपाल्चोकको विभिन्न गाविसमा अनौपचारिक प्रौढ कक्षा, केही विकास निर्माण काम र रिफ्लेक्ट कक्षा सञ्चालन गर्दै अघि बढेको थियो । केन्द्रले २०५१ सालपछि भने एउटै सवाल ‘भूमि अधिकार’ मा हालसम्म काम गरिरहेको छ ।

हाल आत्मनिर्भर केन्द्रको सक्रियतामा देशको ५४ जिल्लामा भूमि अधिकार अभियान फैलिई यी जिल्लाका २,८९७ गाउँमा सङ्गठन निर्माण भएको छ । यी सङ्गठनमा यतीबेला ९८,२७५ सदस्य सङ्गठित छन् । यसरी आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको भूमि अधिकार अभियान भूमि अधिकार मञ्चमार्फत क्रमशः गरिब, भूमिहीन, दलित, महिला र सीमान्तकृत समुदायमाका करिव ६ लाख मानिसहरूयस अभियानमा सङ्गठित छन् ।

आत्मनिर्भर केन्द्र मुलुकका सम्पूर्ण भूमिहीन, सुकुमबासी, भूमिको अधिकारबाट वञ्चित तथा साना किसान र महिला किसानको भूमि हक स्थापित गर्नको लागि सहयोगी बन्दै अघि बढेको छ । विभिन्न आरोह/अवरोह पार गर्दै निरन्तररूपमा गरिब, भूमिहीन, भूमिको अधिकारबाट वञ्चित साना किसान, दलित एवम् महिला किसानको भूमि हक प्राप्तीको लडाइँमा सहयोगी संस्थाको भूमिका निर्वाह गर्दै आएको छ ।

स्थापना दिवसमा संस्थाका कार्यकारी समिति, साधारण सदस्य, कर्मचारी र सहयात्री तथा साझेदार संस्थाका प्रतिनिधिहरूसहित ५२ (१९ महिला ९ दलित र १४ जनजाती) सहभागी थिए ।

**उद्देश्य :**

१. सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विगतको गतिविधिलाई फर्केर हेर्ने र स्मरण गर्ने ।
२. आत्मनिर्भर केन्द्र यहाँसम्म आइपुग्दाको यात्रा, भोगाई, चुनौती, समस्याहरूर यस्तो समस्या र अप्ठ्यारोमा साथ दिने तथा माया गर्नेहरूबाट आगामी दिनका कसरी जाँदा राम्रो हुन्छ भन्ने बारे सुझाव र सल्लाह लिने ।
३. संस्थाको लक्ष्य र उद्देश्यअनुसार भूमि अधिकार आन्दोलन/अभियान भइरहेको छ अव हामी भूमि सुधारसँगै दिगो कृषिको काम पनि गरिरहेका छौं भन्ने बारे र संस्थाको आगामी रणनीतिक योजनबारे जानकारी आदान–प्रदान गर्ने ।

**स्वागत मन्तव्य :**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले संस्था स्थापनाको २२ औं वर्षको अवसरमा आयोजना भएको स्थापना दिवसको अवसरमा सहभागी हुने सबै अतिथि, आत्मनिर्भर केन्द्रका साधारण सदस्य, कार्य समिति पदाधिकारीहरूर सम्पूर्ण कर्मचारीहरूलाई स्वागत स्वागत गर्नुभयो । साथै उहाँले यो कार्यक्रम आयोजना गर्नुको उद्देश्यबारे पनि सहभागीबीच जानकारी गराउनुभयो । (उद्देश्य माथि हेर्नुहोस्)

**आत्मनिर्भर केन्द्रको २ दशक**

प्रस्तुतीः **जगत बस्नेत**, संस्थागत विकास सल्लाहकार

**ऐतिहासिक पृष्ठभूमि**

- सामुदायिक आत्मनिर्भर सन् १९९३ मार्च १५ मा स्थापना । (विद्यालयमा पढाउने बच्चादेखि बच्चासम्म कार्यक्रमका शिक्षकहरूबाट स्थापना भएको ।)
- सन् १९९४ को जनवरीबाट एक्सनएड नेपालको साझेदारीमा काम सुरु । सुरुमा सिन्धुपाल्चोका दुई गाविसः किउल र हेलम्बुबाट एकीकृत विकास कार्यक्रम, शिक्षा, महिला सशक्तिकरण र सामाजिक चेतना कार्यक्रम सञ्चालन ।
- आधरभुत अध्ययनबाट पहिचान भएका मोही किसानको सवालमा सन् १९९५ बाट भूमि अधिकारको आन्दोलनको सहजीकरण । हालसम्म निरन्तर ।
- सन् २००१ बाट भूमि अधिकार सवालमा समुदाय र नीतिगत तहमा पनि सहजीकरण, सिन्धुपाल्चोकभन्दा बाहिर विस्तार । हाल देशको ५४ जिल्लामा अभियान फैलिएको ।

**यस अवधिका मुख्य उपलब्धी**

| क.सं. | विवरण | उपलब्धी |
|---|---|---|
| १. | मोही किसानको मुद्दा दर्ता सङ्ख्या | ३१,७२७ |
| २. | निर्णय भएका मोही किसानको मुद्दा सङ्ख्या | १५,३०७ |
| ३. | निर्णय भएका महिलाका मुद्दा सङ्ख्या | १,१३२ |
| ४. | निर्णय भएमा दलितका मुद्दा सङ्ख्या | ३,५७३ |
| ५. | किसानले प्राप्त गरेको जमिनको क्षेत्रफल | ३,७२० हेक्टर |
| ६. | महिलाले प्राप्त गरेको जमिनको क्षेत्रफल | २९५ हेक्टर |
| ७. | दलितहरूले प्राप्त गरेको जमिनको क्षेत्रफल | ८७१ हेक्टर |
| ८. | हस्तान्तरण भएको भूमिको बजार मूल्य | १२७ मिलियन |
| ९. | प्रयोगमा ल्याइएको सरकारी (सार्वजनिक) जग्गा क्षेत्रफल | ६९६.९९ हेक्टर |
| १०. | प्रयोगमा ल्याइएको सार्वजनिक जग्गाको क्षेत्रफलको मूल्य | ३१ मिलियन |
| ११. | जमिनबाट लाभान्वित भएका परिवार सङ्ख्या | ४,२४८ |
| १२. | भूमिहीनको मुद्दा दर्ता सङ्ख्या | १६५२२९ |
| १३. | निर्णय भएको भूमिहीनको मुद्दा सङ्ख्या | २३८६० |

| | | |
|---|---|---|
| १४. | भूमिहीनहरूलाई वितरण गरिएको जमिनको सङ्ख्या | ११५० हेक्टर |
| १५. | गाउँ भूमि अधिकार मञ्चको सङ्ख्या | २,८९७ |
| १६. | गाउँ मञ्चमा सङ्गठित सदस्य सङ्ख्या | ९८,२७५ |
| १७. | सङ्गठित महिला सदस्य सङ्ख्या | ३५,०५५ |
| १८. | सङ्गठित दलित सदस्य सङ्ख्या | ४२,२३७ |
| १९. | सङ्गठित जनजाती सदस्य सङ्ख्या | २२,९६७ |
| २०. | संयुक्त पुर्जा बनाउने किसान जोडी सङ्ख्या | २,०७८ |

**सहकार्य र साझेदारहरू**

| क.सं. | साझेदार संस्थाको नाम | साझेदारी वर्ष |
|---|---|---|
| २१. | एक्सनएड नेपाल | जनवरी १९९४ |
| २२. | डानिडा ह्युगो | जनवरी २००४ देखि मार्च २०१४ |
| २३. | केयर नेपाल | नोभेम्बर २००५ |
| २४. | सीसीओ सिडा | नोभेम्बर २००६ देखि डिसेम्बर २००९ |
| २५. | साप्लानिर | जनवरी २००६ देखि डिसेम्बर |
| २६. | आइएलसी | अप्रिल २००७ |
| २७. | एसियन एनजिओ कोअलिसन | जनवरी २००७ |
| २८. | अक्सफाम जिवि | अप्रिल २००८ |
| २९. | एमएस नेपाल | जुन २००८ देखी २००९ |
| ३०. | लुथरन वर्ल्ड फेडेरसन | सेप्टेम्बर २०११ |
| ३१. | जिएफ नेपाल | अप्रिल २०१४ |

**आर्थिक अवस्था**

| क.सं. | वर्ष | आर्थिक अवस्था |
|---|---|---|
| १. | १९९४ | ३ लाख ९६ हजार (एक्सनएड) |
| २. | २००० | १३ लाख |
| ३. | २००१ | ४ लाख ३८ हजार (एक्सनएड) |
| ४. | २००४ | १ करोड ११ लाख लाख - डानिडा ह्यागो, एक्सनएड |
| ५. | २०१४ | ७ करोड २१ लाख (एक्सनएड, केयर नेपाल, जिएफ, अक्सफाम, लुथरन, आइएलसी) |

**आत्मनिर्भर केन्द्रको फैलावटको अवस्था**




यसपछि स्थापना दिवसमा सहभागी हुनु भएका विभिन्न साझेदार संस्थाका व्यक्तित्वहरू एवम् सहयोगीहरूले आत्मनिर्भर केन्द्रलाई आगामी दिनमा अघि बढ्नको लागि शुभकामना मन्तव्य राख्दै निम्नअनुसार सुझाव पनि दिनुभएको छ ।

**सीताराम तामाङ**, संयोजक, फ्याक्ट, नेपाल

म २०२२ सालदेखि राजनीतिमा क्रियाशील छु । राजनीति पनि एउटा सामाजिक अभियाननै हो । नेपालमा जमिन हुने/नहुने दुवैको काम लागेको छैन । जमिन बाँझिदै गएको छ । यसको कारण जमिनमा अन्यायपूर्ण वितरण प्रणाली नै हो । नेपाली श्रमिकहरू विदेशीएका छन् । विदेशमा गएर कृषिमा परिश्रम गरिरहेका छन् । तर यहाँ श्रमिकको अभाव छ । यही कारण कृषिमा क्रान्ति नगरिकन विकास हुँदैन । देशले जति कृषिमा लगानी गर्नुपर्ने थियो त्यो गरेन । राजनीतिक दलहरूले पनि कृषिमा लगानी गर्नेतर्फ कत्तिपनि ध्यान दिएनन् ।

यतिबेला हामी कहाँ छौं भन्ने फर्केर हेर्नुपर्ने भएको छ । आगामी दिनमा कृषि आन्दोलनलाई कहाँ लादैछौं भन्ने तर्फ पनि समीक्षा गर्न आवश्यक छ । हामी यही सिलसिलमा सामुदायिक आत्मनिर्भर केन्द्रसँग जोडियौं । यसपछि यो संस्थासँग मिलेर अहिले कृषि सुधारको अभियानमा लागेका छौं । फ्याक्ट नेपालमार्फत ।

हामीकहाँ संस्थाहरू मागेको भरमा चल्ने चलन छ । यस्तो संस्था लामो समय टिक्दैन । हामीले सँगै काम गर्ने क्रममा थाहा पायौं यो संस्थाको त्यस्तो खाले प्रवृत्ति पाएनौं । आफ्नै मुद्दामा चलेको छ । सहयोगीहरू साझेदार भएर आएका छन् । जुन फरक कुरा हो । आफैं स्रोतहरू संकलन गर्ने, फार्महरू सञ्चालन गर्ने, गाउँ गाउँमा सहकारी सञ्चालन गर्ने र अभियानलाई पनिसँगै लगेको पाइयो जुन ज्यादै राम्रो लागेको छ ।

अहिले राज्यले सामूहिक र ठूला खेती गर्ने भन्ने अवधारणा अघि बढाउन लागेको छ । यसो गरिँदा हामीसँग भएका साना किसानहरू मर्कामा पर्नेछन् । उनीहरू फेरी पनि मजदूर मात्रै रहेन र ठूला किसानहरू माथिमाथि पुग्ने खतरा बढ्छ । त्यसैले यो संस्थाले आगामी दिनमा यो विषयमा ध्यान दिएर साना किसानहरूको अधिकार ग्यारेण्टी गर्ने कुरामा अभियान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

**केशव बडाल,** सभासद्

म भूमि अधिकार अभियानमा जोडिएको लामो समय भएछ । एक राजनीतिककर्मी मात्र नभई सामाजिककर्मीको रुपमा अभियानमा सक्दो सहयोग गर्ने प्रयास गरेको छु । यो अभियान प्रति सदैव चासो लाग्छ के गरे होलना, कस्तो भइरहेको होला यस्तै..। खासगरी २०५१ सालमा म वैज्ञानिक भूमि सुधार आयोगको अध्यक्ष हुँदादेखि सिएसआरसीसँग जोडिएको सम्बन्ध अहिले पनि उस्तै छ । र बेलाबेला जगतजीहरूलाई मैले आफ्नो तर्फबाट सल्लाह पनि दिने गरेको छु ।

२०५१ सालमा एमालेको सरकार हुँदा वैज्ञानिक भूमि सुधार आयोग गठन भयो । त्यसको अध्यक्ष म थिएँ । भूमि सुधार गर्नुपर्ने आवश्यक्ता औंल्याउँदै सरकारलाई प्रतिवेदन बुझायौं । दुर्भाग्य त्यो कार्यान्वयन हुन सकेन् । र यसपछि बनेका २ वटा उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगले बुझाएको प्रतिवेदन पनि कार्यान्वयन हुन सकेको छैन ।

सिएसआरसीले सिन्धुपाल्चोकबाट उठाएको भूमि अधिकार अभियान आज नेपालको धेरै जिल्लामा मात्र नभई अन्तर्राष्ट्रिय तहमासमेत पुगेको छ । यो नै एउटा मुख्य उपलब्धी हो भन्ने मैले बुझेको छु । म स्मरण गर्दछु सिन्धुपाल्चोकमा जगतजीहरूले अभियान सञ्चालन गर्दा यिनीहरूले केही गर्न सक्दैनन, लाठी हानेर खेद्नुपर्छ भन्ने मान्छेहरू थिए । ज्यादै चुनौतीपूर्ण अवस्थामा उहाँहरूले काम गर्नुभयो । त्यही चुनौतीलाई सामान गर्न सक्ने धैर्यता जगतद्वयमा भएकाले आन्दोलन उचाईमा पुग्यो र धेरै मानिसहरूले आज अधिकार पनि पाइसकेका छन् ।

आज सिएसआरसी जहाँ पुगेको छैन, त्यहाँ पनि संस्थाको प्रभाव राम्रै परेको छ । यो २ दशकको यात्रा साँच्चै भूमिहीन, गरिब र तल्लो वर्गको लागि भएको छ । सबैले यही मूल्याङ्कन गर्नुपर्छ ।

भूमिहीनहरूको यो आन्दोलनमा भौतिक, आर्थिक, मानवीय र प्राविधिकलगायत सबै पाटोमा सिएसआरसीले सहयोग पुऱ्याएको कारण आज भूमि अधिकार अभियान देशभरी मात्र नभई अन्तर्राष्ट्रि तहमा समेत फैलिएको छ । यो समग्र भूमि तथा कृषि सुधारको एक प्रभावकारी अभियानको रुपमा स्थापित हुँदैछ ।

संस्थाले अब अभियानसँगै गाउँगाउँमा सहकारी अभियान पनि फैलाउनु र भूमिहीनको जीविका सुधारको क्षेत्रमा पनि काम गर्नुपर्ने आवश्यक्ता मैले देखेको छु । संस्थालाई यहाँसम्म ल्याउनको लागि जसजसले योगदान गर्नुभएको छ उहाँहरूलाई सम्मान छ । कहिल्यै नथाक्न र नहार्न म अभियानका साथीहरूलाई अनुरोध गर्दछु ।

**यमुना घले,** एसडिसी

जव म एक्सन एडमा थिएँ त्यतीबेलादेखि सिएसआरसीसँग सम्बन्ध जोडियो । त्यो सम्बन्ध अहिले पनि निरन्तर छ । यो दैरानका २/३ वटा महत्वपूर्ण घटनाहरू सम्झन चाहन्छु ।

पहिलो एक्सन एडमार्फत भूमि अधिकार अभियानलाई डिआई (Development Initiative) कार्यक्रमसँग जोडेर लैजानेको लागि मैले निकै सङ्घर्ष गरेकी थिएँ ।

अर्को नेपालमा जतिबेला राजाले शासन लिएका थिए त्यतीबेला भूमि बैंकको कुरा अप्रत्यासित रूपमा उठ्यो । यता भूमिहीनहरूले भूमिहक मागिरहेका थिए । जटिल परिस्थिती थियो । हाम्रो मुद्दा स्थापित गराउनको लागि खरोसँग उत्रिनु परेको थियो । हाम्रो माग कायम भयो, भूमि बैंकको माग पछि हट्यो । जुन सधैं स्मरण भइरहन्छ ।

तेस्रो राष्ट्रिय योजना आयोगको वार्षिक कार्यक्रम बनाउने बेला एउटा बैठकमा बोलाइयो । त्यहाँ दुःख लाग्दो कुरा पाए । मैले कृषिसम्बन्धी भूमि र घडेरीसम्बन्धी भूमिको बारेमा छुट्टै व्यवस्था गर्ने प्रस्ताव उठाएँ । र महिलाको नाममा रजिष्ट्रसन पास शुल्कमा दिइने छुटलाई बढाउन आग्रह गरे । तर ठूलै ओहोदाका एक जना कर्मचारीले यसरी महिलालाई राजश्वमा छुट दिँदा राजश्वमा धेरै घाटा लाग्छ भनेर प्रतिवाद गर्न खोजे । हाम्रो राज्यका कर्मचारीतन्त्र हावी छ । उनीहरू परिवर्तनको पक्षमा भनेजति छैनन । यस्तो खालको कर्मचारी तन्त्रले हामीले चाहेको जस्तो परिवर्तन पाउँछौं भन्ने लाग्दैन । जटिलता प्रशस्त छन् ।

अहिले सरकारले भूमि नीति बनाइरहेको छ । त्यो भूमि नीति मस्यौदा समितिको सदस्य भएर पनि काम गर्ने अवसर पाएकी छु । मैले आफ्नो तर्फबाट यसमा सक्दो मुद्दाहरू उठाउने प्रयास गरेकी छु ।

म यो क्षेत्रका काम गरेको २२ वर्ष भयो । यसअवधिमा मैले सिएसआरसी अरु संस्थाभन्दा फरक पाएकी छु । जस्तो : अरु संस्थाहरू दातृ संस्थाले पैसा दिन्छ भने जुन काम गर्न पनि तयार हुन्छन् । तर, सिएसआरसीले आफ्नै मुद्दामा मात्र काम गर्छ । त्यही भएर सिएसआरसी २२ वर्षसम्म निरन्तर अघि बढ्न सक्यो । जवसम्म संस्थाहरूले आफ्नै सवाल र मुद्दामा काम गर्दैनन उनीहरू दिगो हुन सक्दैनन । अर्को सिएसआरसीले अधिकारवालासँग काम गर्छ । यसअन्तरगत भूमि अधिकार मञ्च छ । मञ्च गठन गरेर काम गर्नुनै यसको सवल पक्ष भयो । सङ्गठनमा आधारित अभियान भएकाले उपलब्धी पनि प्राप्त भएको हो । सिएसआरसीको नीतिगत पक्ष पनि बलियो छ । अभियानकै क्रममा संयुक्त लालपुर्जाको नीति आयो यो अहिले ज्यादै पपुलर अभियान भएको छ ।

भूमि तथा कृषि सुधारमा कसरी युवाहरू ल्याउने ? यसको कुनै नीति छैन । धेरै जसो युवा शक्ति विदेशीएका छन् । विदेश गएर फर्केका र यो क्षेत्रमा अनुभव भएका युवाहरूलाई अभियानमा जोड्नुपर्छ । यस विषयमा पनि सोच्नु जरुरी छ ।  यसो हुँदा बढ्दो युवा पलाएनलाई रोक्न र देशमा उत्पादन बढाउन मद्दत पुग्छ ।

अव सिएसआरसीले किसानको हातमा जमिन आइसकेपछि के गर्ने ? भन्ने बारे अभियान सञ्चालन गर्नु आवश्यक छ । यो बाँकी छ । जीविकानै माटोमा जोडिएकाहरूसँग काम गरौं । स्रोतको अधिकारको बारे पढाउन एकेडेमिक क्षेत्रमा लवी गर्नुपर्ने आवश्यक्ता महशुस गरिएको छ । पोलिसीसँगै शिक्षामा पनि लवी गर्दा गर्भानान्स सिष्टममा परिवर्तन आउँछ । र सँगै ल्याण्ड डिप्लोम्यासीको मुद्दा पनि उठाउनु आवश्यक छ ।

अर्को महत्वपूर्ण विषय : अधिकारकर्मीहरूको संरक्षण । उनीहरूको संरक्षणको प्रक्रिया के हो ? अभियानमा लागेकालाई कसरी संरक्षण दिने ? यो विषयमा सिएसआरसीले नीति बनाई कार्यान्वन गर्नुपर्छ ।

**उमानाथ रिजाल,** फ्याक्ट नेपाल

हामी सिएसआरसीसँग दुई वर्षदेखिसँगै छौं । यो अवधिमा धेरै विषयहरू सिएसआरसीबाट सिक्ने अवसर पाएका छौं । यहाँ राजनीतिक दलहरूले चुनावी नाराबाहेक साँच्चै भूमि सुधार गर्ने तर्फ ध्यान दिएनन । तर सिएसआरसीले थालेको भूमि अधिकार अभियानले भूमिहीनहरूले राहत महशुस गरेका छन् । र कतिपयले अधिकार पनि पाइसकेका छन् ।

भूमि र कृषि बहुआयमिक विषय हुन् । अहिलेसम्म यो विषयलाई राज्यले गम्भीर रुपमा लिएको पाइँदैन । जति अरु विषयमा छलफल हुन्छ त्यती भूमिको विषयले प्राथमिकता पाएको छैन । यसकारण यो विषयलाई कसरी राज्यको प्राथमिकता पार्न सकिन्छ त्यो तर्फ अभियानलाई केन्द्रित गर्नुपर्ने देखिन्छ ।

अहिलेसम्म सिएसआरसीले गरेको अभियान तराई र केही पडाही जिल्लामा मात्र केन्द्रित रहेछ । यसलाई दुर्गम हिमाली क्षेत्रमा पनि फैलाउन आवश्यक छ । त्यस्तो ठाउँमा झन बढी समस्या छन् । यसकारण त्यस्तो ठाउँमा अभियान विस्तार आग्रह गर्दछु ।

भूमि सुधारको लागि विभिन्न समयमा बनेको आयोगको प्रतिवेदन कार्यान्वयन हुन सकेन । यसको कारण विभिन्न हुन सक्छन् तर जे भएपनि अवको आन्दोलन प्रतिवेदनहरू कार्यान्वयन गर्नको लागि पनि दबाब पुग्ने हिसावले गर्नु जरुरी छ ।

**प्रा.डा.लयप्रसाद उप्रेती**

म एकेडेमिक क्षेत्रको व्यक्ति हुँ । त्यही सिलसिलामा सन् २००० मा एक्सन एडका कार्यक्रमको मूल्याङ्कन गर्ने क्रममा सिएसआरसीसँग सम्बन्ध कायम भयो । जुन आज पनि उत्तिकै छ । आजसम्म १०० भन्दा बढी संस्थाको मूल्याङ्कन गरेको छु । ती मध्ये २ वटा मात्र यस्तो संस्था देखेको छु जसले गरेको काम साँच्चै गरिब वर्गमा पुगेको छ । त्यो एक हो सिएसआरसीले सञ्चालन गरेको भूमि अधिकार अभियान हो । यो संस्थाले अध्ययन अनुसन्धाको कामलाई पनि सँगै लगेको छ । र आफू पनि रूपान्तरण हुँदै अघि बढेको छ ।

एक्सन एडले जनवकालतीय कामलाई अघि बढाउनुभन्दा पहिलो अध्ययन गरेको थियो । यहि सिलसिलामा फेरी सन् २००७ मा सिएसआरसीको कार्यक्रमको मूल्याङ्कन गर्न म सिन्धुपाल्चोक गएको थिएँ । संस्थाले ज्यादै प्रभावकारी ढङ्गले अभियानलाई अघि बढाएको पाएको थिएँ । जुन कुरा म आज पनि स्मरण गरिरहन्छु ।

एड्भोकेसी भनेको पोलिटीकल प्रोसेस हो । असमान अवस्थालाई एड्भोकेसीबाट परिवर्तन ल्याउने हो । त्यही काममा यो संस्था अघि बढेको छ । अहिले भूमि अधिकार मञ्च आफैं ऐजेण्डा तयार गर्न सक्ने भइसकेको छ । तर जनवकालत गर्न पुगेको छैन । यसलाई संस्थागत विकास गर्नुपर्छ । र सिएसआरसीले क्षमता विकास र अध्ययन/अनुसन्धानको पाटोमा बढी ध्यान दिनुपर्ने देखेको छु ।

राम्रो पक्ष त आफ्नो स्रोतको परिचालन गर्ने र अभियानलाई अघि बढाउने तर्फ पनि यसले ध्यान दिएको छ । यो विषय अरुको लागि पनि सिकाईको एक स्रोत हुन सक्छ ।

अर्को कुरा सिएसआरसीले उठाएको सामुदायिक भूमि सुधारको अभ्यासको विषय पनि ज्यादै महत्वपूर्ण छ । यसलाई अझ बढी प्रसार गर्न आवश्यक देखेको छु ।

सिएसआरसीले भूमिको मुद्दा वा यो विषयलाई नेपालको विश्वविद्यालय तहमा कसरी प्रभाव पार्ने भन्ने हिसावले आगामी दिनमा अघि बढ्नुपर्छ । जवसम्म शिक्षामा प्रभाव पार्न सकिँदैन हामीले चाहेको परिवर्तन पाउन गाह्रो हुन्छ । र नेपालको मात्रै होइन बाहिरको मान्छे आएर पनि सिएसआरसीको कामको बारेमा सिक्ने र पढ्ने अवसर पाउने गरी व्यवस्थापन गर्नेतर्फ पनि ध्यान दिनुपर्छ । यसमा हामी एकेडेमिक क्षेत्रका साथीहरू पनि सहयोग गर्न तयार छौं ।

**उद्धव अधिकारी,** अध्यक्ष राष्ट्रिय कृषक महासंघ

सिएसआरसीलाई मैले धेरै पछिदेखि मात्र जान्न मौका पाएको हुँ । यो संस्थाले गरिब, भूमिहीन किसानहरूलाई अधिकार दिलाएको र दिलाउने काम गरिरहेका छ जुन ज्यादै प्रशंसनिय छ । म आफैं पनि किसान हुँ । १२ घण्टाभन्दा बढी काम गरेर पनि पेटभर खान नपाउने किसानहरू नेपालमा धेरै सङ्ख्यामा छन् । यस्तो किसानहरूको लागि सिएसआरसीले साँच्चै न्याय दिलाउने अभियान अघि बढाएको छ ।

म केही समय अघि भारतको एकता परिषद्को एउटा कार्यक्रममा जाने अवसर पाएको थिएँ । जसले भारतमा भूमि अधिकारको क्षेत्रका काम गरिरहेको छ । मलाई के लाग्यो भने सिएसआरसी पनि भारतको जस्तै नेपालको एकता परिषद् हो । जसले अहिंसात्मक आन्दोलन उठाएको छ । गाउँदेखि राष्ट्रियस्तरसम्म अपहेलित भएको किसानको आवाज उठाएको छ उनीहरूको लागि अधिकारको लागि वकालत गरेको छ । अभियानलाई सहयोग गर्ने संस्थाहरूलाई पनि यतिवेला सम्झनैपर्छ ।

**मोना शेर्पा,** हेल्भिटास नेपाल

मैले सिएसआरसीसँगै काम गर्ने क्रममा धेरै सिक्ने अवसर पाएकी छु । संस्थालाई सुझाव दिने भन्दानि अझ धेरै सिक्न बाँकी छ । महिला अधिकारकर्मी भएको नाताले यो आन्दोलन/अभियानमा पनि महिला सहभागिता, महिला नेतृत्वलाई अझ बढाउनुपर्ने देखेको छु ।

सिएसआरसीले महिलाहरूलाई हरेक क्षेत्रमा प्राथमिकता दिएको पाएका छौं । तर अव महिला र पुरुषको कामको बाँडफाँट क्षेत्रमा पनि अभियान गरेर महिलामाथि भइरहेको कामको बोझलाई कम गर्नेतर्फ पनि ध्यान दिनुपर्छ । सएसआरसी प्रगतीशील विचार पनि लिएर अघि बढेको संस्थाको रुपमा पाएका छौं । म जति सक्छु यो अभियानको लागि सदैव सहयो गर्न तयार छु ।

**नरबिक्रम थापा**

सिएसआरसीले भूमि अधिकार अभियानलाई अघि बढाइरहेको छ । यो अभियान ज्यादै प्रभावकारी बन्दै गएको छ । सिएसआरसी र भूमि अधिकार मञ्चसँगै अझै लामो समय यात्रा गर्नुपर्ने आवश्यक्ता मैले देखेको छु ।

अहिले नै छुट्टिने हो भने अभियान रोकिन सक्छ । यतिबेला भूमि अधिकार अभियान नेपालको ठूलो आन्दोलनको रूपमा अघि बढेको छ । यसलाई निरन्तर लानुपर्छ ।

किसानहरूले जमिन पाउनु मात्र ठूलो कुरा होइन । त्यो जमिन पाइसकेपछि त्यसको उपयोग कसरी भयो र उत्पादन बढाउने काममा कत्तिको प्रयोग गरियो भन्ने महत्वपूर्ण पक्ष हो । जव भूमिबाट उत्पादन बढ्न थाल्छ अनि किसानहरूको जीविकामा सहजता आउँछ र यसले समग्र सामाजिक तथा आर्थिक रूपान्तरणमा पनि प्रभाव पार्दछ । यसकारण पाएको भूमिको अधिकत उपयोग गर्नेतर्फ पनि ध्यानदिनुपर्छ । भूमिलाई गरिबी निवारणको अभियानसँग कसरी जोड्ने हो ? किनकि भूमि सबै पक्षसँग उत्तिकै जोडिएको छ । अहिलेको भूमि वितरण प्रणाली किसानमुखी छैन । असमान छ । त्यसको लागि यो अभियान केन्द्रित हुन जरुरी छ । जनताको सामाजिक रूपान्तरणको पाटोमा हाम्रो राजनीतिक व्यवस्थाले सहयोग पुऱ्याएन । दलहरू आफ्नो स्वार्थ र सत्ताको लागि मात्र लागिपरे । उनीहरू देश र जनताको भन्दा पनि आफ्नो स्वार्थको लागि अघि सरे । यस्तो अवस्था विद्यमान छ । अव राजनीतिक तहमा कसरी प्रभाव पार्ने भन्ने हिसावले यो अभियान अघि बढ्नुपर्छ । अहिले संविधान बन्दैछ । यो अवस्थामा भूमि अधिकार आन्दोलनको प्रभाव संविधान बन्ने ठाउँमा पनि पर्नुपर्छ । कसरी जनमुखी संविधान बनाउने भन्नेतर्फ पनि ध्यान दिनुपर्छ ।

अभियानमा धेरै कार्यकर्ता लागेका छन् । उनीहरूको क्षमता विकासमा पनि सिएसआरसीले ध्यान दिनुपर्छ । कार्यकर्ताको जीविका कसरी सहज बनाउने, उनीहरूलाई कसरी सुरक्षित छु भन्ने महशुस गराउने वातावरण बनाउने । यस्ता विषयमा पनि ध्यान दिई रणनीतिक रूपमै अघि बढ्नुपर्छ । यसमा सिएसआरसीको मात्र होइन अभियानका साझेदार र सहयोगी संस्थाहरू पनि उत्तिकै लाग्नुपर्छ । हलो उचाल्न सिकाएर मात्र भएन हलो जोत्न र उत्पादन गरेर खान पनि सिकाउनुपर्छ ।

सिएसआरसीले जति काम गरेको छ त्यती डकुमेण्टेसन हुन सकेको छैन । भूमि पाउनेले त पाए, त्यसपछि के भयो ? यो विषयमा अभिलेखन गरिनुपर्छ ।

अर्कोकुरा अभियानमा लाग्ने सबै कार्यकर्ताहरूको जीवन बीमा अनिवार्य गरिदिनुपर्छ । भोली उनीहरूलाई केही भइहाल्यो भने उनीहरू वा परिवारको जीविका कसरी चच्ल्छ त्यतातर्फ पनि सोचेर अघि बढ्नुपर्छ । यो कार्य तत्कालै गर्नु जरुरी छ ।

**प्रकाश काफ्ले** केयर नेपाल

अहिले सिएसआरसी नयाँ रणनीतिक योजनामा अघि बढेको छ । रणनीतिले सबै विषय समेटीएका छन् । सिएसआरसीसँग रणनीतिमा समेटीएका विषय कसरी पुरा गर्ने भन्ने चुनौती छ ।

सिएसआरसीले सामुदायिक भूमि सुधार अभ्यास र सदस्यहरूको जीविका सुधारको काम गर्ने योजना राखेको छ । तर त्यसअनुसारको जनशक्ति अर्थात मानवीय स्रोत संस्थामा देखेका छैनौं । आगामी दिनमा सोही अनुसारको मानवीय स्रोत पनि बढाउनुपर्ने देखेका छौं ।

सिएसआरसीको भूमि सुधार मन्त्रालयलगायत नीतिगत तहमा राम्रो प्रभाव र पहुँच छ । जुन संस्थाको ज्यादै सकारात्मक पक्ष हो । तर अन्य दलहरूसँगको जस्तो मधेसी दलसँगको सम्बन्धमा कमी छ कि भन्ने हामीलाई लागेको छ । मधेसी दलहरू पनि शक्तिशाली भएकाले उनीहरूसँगको सहकार्य बढाउनुपर्ने देखिएको छ । उनीहरूलाई पनि आन्दोलनमा ल्याउनेतर्फ ध्यान दिनुहोस् ।

सिएसआरसीका साथीहरू विदेशीमा मात्र भम्रणमा जाने होइन, विदेशीलाई सिएसआरसीमा ल्याएर सिकाउनु पर्छ । धेरै कुरा छन् सिएसआरसीमा अरुलाई सिकाउने । हामीले नजिकै रहेर काम गर्दा त्यो क्षमता देखेको छौं । हामीले पनि अरु संस्थाहरूमा सिएसआरसीको विभिन्न असल अभ्यासहरू रेक्लिकेट गरेका छौं ।

'सुरक्षित घरबास सबैलाई खेतीयोग्य जमिन किसानलाई' भन्ने नारा यदि मुख्य नारा हो भने यसको मर्मलाई फैलाउँदै सबै राजनीतिक दलका दस्तावेजहरूमा पनि यो मुद्दा पार्ने गरी लवी गर्नको लागि सिएसआरसीले पनि ध्यान दिनुपर्ने छ । दलहरूलाई यो विषयमा महशुसीकरण गराउनुपर्छ ।

**उद्धव भट्टराई,** ललितपुर

सिन्धुपाल्चोकमा संस्था स्थापनाको समयदेखि नै सिएसआरसीका साथीहरूलाई चिनेको हुँ । धेरै सवालमा काम गर्दै हुनुहुन्थ्यो, कुनै एउटा मुद्दालाई समातेर अघि बढ्नुहोस् र त्यसैमा पहिचान स्थापित गर्नुहोस् भन्ने सल्लाह दिएको थिएँ । तर भूमि नै भन्ने थिएन । उहाँहरू भूमिको मुद्दालाई समातेर अघि बढ्नुभयो । आज यहाँसम्म सफल रुपमा आइपुग्नुभयो खुसी लागेको छ ।

आज जहाँ पनि भूमिको कुरा उठ्दा सिएसआरसीको नाम पहिले आउँछ । अव सिएसआरसी र भूमि अधिकार मञ्चको भूमिका स्पष्ट छुट्टिनुपर्छ । नछुट्टिएको त अहिले पनि होइन तर अलि बढीनै देखिने गरी छुट्टिनुपर्छ । जस्तो : क्षमता विकास, अभिलेखन, प्रचार–प्रसार मा सिएसआरसीले काम गर्ने र अभियान बढाउने, वकालतीय कार्य गर्ने मञ्चले जिम्मा लिनुपर्छ । र, सँगै भूमि अभियानलाई अन्य अभियानसँग पनि जोडेर लैजानुपर्छ । जस्तो : महिला अधिकार मञ्च, हाउजिङ्ग राइट क्याम्पिएन, खाद्य अधिकार आदि अभियान पनि जोडेर अघि बढेमा बलियो हुन सक्छ । र यस्तो अभियानका सङ्गठनहरूबीच समन्वय पनि हुन आवश्यक छ । यसले बलियो शक्ति दिन्छ ।

सिएसआरसी पारदर्शिताको हिसावले पनि अघि बढेको छ । बेलाबेला आफ्नो बजेटसहित कार्यक्रम सार्वजनिक गर्ने संस्थाहरू पनि यसले गरिरहेका पाएका छौं । यसैले पनि संस्थाको छवी माथि गएको छ भन्ने लागेको छ । सिएसआरसीको टीम सक्षम छन् यसलाई निरन्तरता दिनुपर्छ ।

**सरेश नेपाल,** अध्यक्ष- राष्ट्रिय भूमि अधिकार सरोकार समूह

भूमि अधिकारको मुद्दा राजनीतिक मुद्दा हो । हामीकहाँ हरेक निर्णय राजनीतिक तहबाटै हुने गर्छ । यसैले यो अभियानले पनि राजनीतिक तहमा प्रभाव पार्नैपर्छ । यतिबेला भूमिको मुद्दा प्राथमिकतामा पर्नुपर्ने थियो तर ओझेलमा पर्दै गएको छ । यसको एउटा बाधक कर्मचारीतन्त्र पनि हो ।

राजनीतिक दलका नेताहरू हिजो जुन पृष्ठभूमिबाट आएका थिए आज उनीहरू त्यो बिर्सदै गएका छन् । सबै राजनीतिक गरिब, भूमिहीनको मुद्दा लिएर अघि बढेका हुन् । राजनीतिक दलहरू परिवर्तन हुँदै जाने । माथि माथि पुग्ने र जव माथि पुग्ने अनि गरिब जनता बिर्सने । दलहरूलाई १०० जनता रिसाउँन भन्दा एक जना जमिनदार रिसाउनुसँग बढी चिन्ता हुने प्रवत्ति देखिएको छ । यसैले सबै राजनीतिक दलहरूलाई प्रभाव पार्ने र भूमि सुधारका लागि प्रतिवद्द गराउने हिसावले अभियानलाई अघि बढाउन सिएसआरसीले आगामी दिनमा रणनीति बनाउनुपर्ने देखिएका छ ।

**कृष्णराज बीसी,** सहसचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय

म जमिनदार र किसानको आत्मिय सम्बन्ध भएको जमिनदार परिवारमा जन्मिएको व्यक्ति हुँ । र अहिलेचाहिँ जमिन, जमिनदार र किसानको व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी बोकेको मन्त्रालयको उच्च ठाउँमा काम गर्दैछु । तर म जमिनदार होइन । नेदरल्याण्डमा पढेर फर्केपछि यो क्षेत्रमा बढी चासो राख्न थाले । त्यही सिलसिलामा सिएसआरसीको साथीहरूसँग सम्बन्ध बढ्यो ।

२०६६ सालमा गठन भएको हरिबोल गजुरेल र घनेन्द्र बस्नेत नेतृत्वको २ वटा उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगमा बसेर काम गर्ने मौका पाएपछि भने भूमिहीन र भूमिको चरम समस्याबारे बुझ्ने मौका पाएँ । मैले त्यहाँ आयोगमा बसेर काम गरेँ र राम्रो प्रतिवेदन बनाएर सरकारलाई बुझाएँ । यो बेलामा पनि सिएसआरसी र भूमि अधिकार मञ्चका साथीहरूले धेरै सहयोग गर्नुभयो । प्रतिवेदन तयार भयो दुर्भाग्य त्यो प्रतिवेदन कार्यान्वयनमा आउन सकेन । हाम्रो राजनीतिक व्यवस्थाले गर्दा यस्तो भयो ।

मैले भूमि सुधार मन्त्रालयमा बसेर सिएसआरसीको अभियान सहकार्य गर्ने ठाउँमा सहयोग पुऱ्याएको छु । घरजग्गा पास गर्दा महिलालाई दिइने २५% को छुट व्यवस्थालाई ४० प्रतिशतसम्म पुऱ्याउन मैले भूमिका खेलेको छु । संयुक्त पुर्जाको नीति ल्याउनको लागि पनि धेरै काम गरेको थिएँ । सरकारले संयुक्त पुर्जाको नीति पारित गऱ्यो । यो कार्यक्रम अहिले देशभर पपुलर बन्दै गएको छ ।

भूमि नीति आवश्यक थियो । बनाउन सल्लाह गऱ्यौं । सहकार्यको गऱ्यौं र बनायौं । अहिले भूमि नीतिको मस्यौदा तयार भएको छ । यसको सचिवालयको जिम्मेवारी पनि सिएसआरसीले लिएको थियो । यसको लागि ७ वटा संस्थाबीच सहकार्य भएको थियो । तर दुर्भाग्य यो मस्यौदा सकियो । पास हुन पाएको थिएन मेरो अहिले सरुवा काभ्रेको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा भएको छ ।

हामीकहाँ भूमिको व्यवस्थापन महत्वपूर्ण प्रश्न छ । यसको लागि राजनीतिक दल, नागरिक समाज, कर्मचारी सबै मिलेर अघि बढ्नु आवश्यक छ । रूपान्तरण जरुरी छ । यही व्यवस्थाले हामीले चाहेको परिवर्तन त ग्राहो छ । अहिलेको भूमि सुधारको वा व्यवस्थापन पक्ष एकल प्रयासबाट सम्भव छैन । अहिलेको नाप/नक्सा नै स्पष्ट छैन । यसमा त्रृटी छ । यसको लागि राज्यले लगानी बढाएर नाप/नक्सा एकपटक पुनः गरेर सुद्ध बनाउनुपर्छ ।

भूमि अधिकार आन्दोलनका साथीहरूलाई मेरो आग्रह सहकार्यलाई बढाउन आवश्यक छ । सबै क्षेत्रमा । यसले उपलब्धी दिनछ । अन्तमा जीवन रहे । जगत रहन्छ । हामी यही जगतको लागि सङ्घर्षरत छौं । सिएसआरसीको अझ प्रगतीको कामना गर्दछु ।

**उद्धव राई**, कोर्लाप

सिएसआरसीलाई मैले चिनेको जम्मा ६ महिना मात्र भयो । अभियानबारे त थाहा थियो तर टाढा बसेर । भूमि भन्ने वित्तिकै माटोलाई बुझिन्छ । 'माटो' भन्ने वित्तिकै यसको प्रकारका कुरा आउँछन् । जग्गाको किसिम र यसको उययोगको विषयमा पनि छलफल हुने रहेछ । 'भूमि' माटो हो जसमा उब्जनी हुन्छ । त्यसलाई विभिन्न किसिमले हेर्न सकिन्छ । यही अभियानलाई सिएसआरसीले अघि बढाएर लगिरहेको छ ।

नेपाललाई विदेशीहरूले सुन्दर छ भन्छन् । नेपाललाई के ले सुन्दर बनायो ? यही भूमि ले नै त हो । तर यहाँ त्यही भूमिको व्यवस्थापनमा समस्या छ । भूमिको सहि व्यवस्थापन र वितरण हुन नसक्दा आज पनि धेरैले समस्या भोग्नु परिरहेको छ ।

सिएसआरसीले भूमिमा धेरै काम गरेको छ तर जग्गामा काम गरेको छैन जस्तो लागेको छ । देशको विकास गर्ने हो भने जग्गाको विकास पहिला गर्नुपर्छ । यसतर्फ पनि अभियानलाई केन्द्रित गर्नुपर्छ कि ? यसमा सिएसआरसीले सहकार्यत्मक अभियान सञ्चालन गर्नपर्छ । जग्गालाई कसरी व्यवस्थापन गर्ने, कसरी त्यसको उपयोग गर्ने, कसरी उत्पादन बढाउने र किसानको हातमा जमिनको अधिकार कसरी पुऱ्याउने भन्ने विषयमा ध्यान दिनुपर्छ ।

**चिरिन्जीवि अधिकारी**, युएनडिपी

म सन् २०११ देखि सिएसआरसीसँग नजिकै छु । मैले रणनीतिक साझेदारको रूपमा सिएसआरसीसँग काम गर्ने मौका पाएको हो । जव सिएसआरसी बास्केट फण्डिङबाट अघि बढ्न खोजेको थियो । हामीले पनि त्यसमा सहमत भयौं । तर त्यसको लागि म त्यतीबेला कार्यरत संस्था केयर नेपालमा त्यस अवरधारणामा जान र साथीहरूलाई त्यसबारे बुझाउन धेरै कसरत गर्नुपरेको थियो । भूमि नीति बनाउने बेलामा पनि हामीले सँगै मिलेर काम गऱ्यौं । त्यसको अहिले ड्राफ्ट तयार भइसकेको छ ।

सिन्धुपाल्चोकको २ गाविसबाट सुरु भएको भूमि अधिकार अभियान ५४ जिल्लामा फैलाउन सिएसआरसीले जुन मेहनत गऱ्यो त्यो साह्रानिय छ । यसलाई अझ फैलाउनु आवश्यक छ ।

भूमिको अधिकारसँगै भूमिलाई जमिनको उत्पादनसँग जोड्नुपर्छ भन्ने मेरो धारणा छ । उत्पादनसँग जोडेर लान सकिएन भने अधिकारवालाको जीविकामा परिवर्तन आउन सक्दैन । यसैले आफूसँग भएको वा पाएको भूमिलाई उत्पादन बढाउने कार्यमा पनि अभियानलाई सँगै लैजानुपर्छ ।

**समापन**

स्थापना दिवस कार्यक्रमको समापन आत्मनिर्भर केन्द्रका अध्यक्ष डा. सुरेश ढकालले गर्नुभयो ।

**डा. सुरेश ढकाल,** अध्यक्ष- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

उपस्थित सबैलाई धन्यवाद् । महत्वपूर्ण सुझाव प्राप्त भएका छन् । यसलाई सिएसआरसीले पक्कै आत्मसाथ गर्नेछ र आगामी दिनमा सोहीअनुसार आफ्नो यात्रा निर्धारण गर्नेछ ।

हामी मुलतः सार्वभौम नागरिक र समृद्ध नेपाल निर्माणको बाटोमा छौं । हामी यतिबेला सङ्घीय लोकतान्त्रिक मुलुकका नागरिक भनिरहेका छौं तर यहाँ धेरै नागरिकहरू अधिकार विहीन छन् । त्यही अधिकार विहीन नागरिकको सार्वभौम अधिकार सम्भव हुनुपर्छ भन्ने अभियानमा छौं ।

हामीले २२ वर्षको लामो अभियानको यात्रा सबैको सहयोग र मायाको कारण पुरा गर्न सकेका छौं । यो हामी सबैको सामूहिक सफलता हो र सामूहिक सहकार्यबाट नै यहाँसम्म आइपुगेका हौं भन्ने हामीले महशुस गरेका छौं । सामूहिक अभ्यासबाट हामी अघि बढेका छौं र यसलाई निरन्तरता दिनेछौं ।

हामी नयाँ पाँच वर्षे रणनीतिक योजनाका साथ पनि अघि बढेका छौं । अर्को पाँच वर्षको लक्ष्य प्राप्त गर्नको लागि जुन उचाईमा अहिले छौँ त्यसले पुग्दैन, यसको लागि पहिलेभन्दा बढी शक्ति चाहिन्छ । यसर्थ सबैको सहयोग र सहकार्य अझ बढी चाहन्छौं ।

हामी कहिल्यै भूमिहीनको लागि काम गर्दिने र उनीहरूको मुक्ति दाता होइनौं । उनीहरूको अधिकारको लागि आजाव उठाउने र सशक्तिकरण गर्ने पाटोमा हामी अधिकारवालालाई सहयोग गर्छौं । गर्दिने भन्ने भयङ्कर ठूलो समस्या हो ‘हामी गरौं’ भन्ने भावना हुनुपर्छ ।

लामो समयसम्म हामी अभियान गर्ने संस्थाको रूपमा छौं । अव सिएसआरसी मात्र  होइन अरु संस्थाहरू पनि यस अभियानमा थपिऊन् भन्ने चाहाना छ । तव मात्र हामीले चाहेको सपना पुरा हुन सक्छ ।

अभियान सार्वजनिक सम्पत्ति हो । अहिले सम्मको यो उपलब्धीलाई कसरी सार्वजनिक सम्पत्तिको रूपमा लिने र लैजाने भन्नेतर्फ हामी प्रयासरत रहनेछौं । सबैको सकारात्मक सुझावको हामी अपेक्षा गर्नेछौं । र आलोचनात्मक सुझाव पनि चाहन्छौं ।

आजसम्म हामीले महत्वपूर्ण मानिसहरूको सहयोग पाइरहेको छौं यसर्थ सिएसआरसी भाग्यमानि छ । आागामी दिनमा सबै निकायहरूसँग उत्तिकै सहकार्य गर्नेछौं र यसलाई निरन्तरता दिनेछौं । यसमा हामी प्रतिवद्दता व्यक्त गर्दछैं ।

**सिएसआरसीका लागि प्राप्त केही सुझावहरू :**

१. अहिले राज्यले सामूहिक र ठूला खेती गर्ने भन्ने अवधारणा अघि बढाउन लागेको छ । यसो गरिँदा साना किसानहरू मर्कामा पर्नेछन् । यो विषयमा ध्यान दिएर साना किसानहरूको अधिकार ग्यारेण्टी गर्नेतर्फ अभियान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

२. भूमि तथा कृषि सुधारमा कसरी युवाहरू ल्याउने ? यसको कुनै नीति छैन । धेरै जसो युवा शक्ति विदेशीएका छन् । विदेश गएर फर्केका र यो क्षेत्रमा अनुभव भएका युवाहरूलाई अभियानमा जोड्नु पर्छ । यसो हुँदा बढ्दो युवा पलाएनलाई रोक्न र देशमा उत्पादन बढाउन मद्दत पुग्छ ।

३. सिएसआरसीले किसानको हातमा जमिन आइसकेपछि के गर्ने ? भन्ने बारे अभियान सञ्चालन गर्नु आवश्यक्ता छ ।

४. अधिकारकर्मीहरूको संरक्षण कसरी गर्ने । उनीहरूको संरक्षणको प्रक्रिया के हो ? अभियानमा लागेकालाई कसरी संरक्षण दिने ? यो विषयमा सिएसआरसीले नीति बनाई कार्यान्वन गर्नुपर्छ ।

५. भूमि सुधारको लागि विभिन्न समयमा बनेको आयोगको प्रतिवेदन कार्यान्वयन हुन सकेन । यसको कारण विभिन्न हुन सक्छन् तर जे भएपनि अवको आन्दोलन प्रतिवेदनहरू कार्यान्वयन गर्नको लागि पनि दबाब पुग्ने हिसावले गर्नु जरुरी छ ।

६. सिएसआरसीले उठाएको सामुदायिक भूमि सुधारको अभ्यासको विषय पनि ज्यादै महत्वपूर्ण छ । यसलाई अझ बढी प्रसार गर्न आवश्यक छ । कसरी जाने ?

७. सिएसआरसीले भूमिको मुद्दाको विषयलाई विश्वविद्यालय तहमा कसरी प्रभाव पार्ने भन्ने हिसावले आगामी दिनमा अघि बढ्नुपर्छ । जवसम्म शिक्षामा प्रभाव पार्न सकिँदैन चाहेको परिवर्तन पाउन गाह्रो हुन्छ । र नेपालको मात्रै होइन बाहिरको मान्छे आएर पनि सिएसआरसीको कामको बारेमा सिक्ने र पढ्ने अवसर पाउने गरी व्यवस्थापन गर्नेतर्फ पनि ध्यान दिनु जरुरी छ ।

८. स्रोतको अधिकारको बारे पढाउन एकेडेमिक क्षेत्रमा लवी गर्नुपर्ने आवश्यक्ता छ । पोलिसीसँगै शिक्षामा पनि लवी गर्दा गर्भानान्स सिष्टममा परिवर्तन आउने हुँदा ल्याण्ड डिप्लोम्यासीको मुद्दा पनि उठाउनु आवश्यक छ ।

९. आन्दोलन/अभियानमा पनि महिला सहभागिता, महिला नेतृत्वलाई अझ कसरी बढाउनुपर्ने देखिएको छ यसतर्फ ध्यान दिनुपर्छ ।

१०. अहिले संविधान बन्दैछ । यो अवस्थामा भूमि अधिकार आन्दोलनको प्रभाव संविधान बन्ने ठाउँमा पनि पर्नुपर्छ । कसरी जनमुखी संविधान बनाउने भन्नेतर्फ पनि ध्यान दिनुपर्छ ।

११. अभियानमा धेरै कार्यकर्ता लागेका छन् । उनीहरूको क्षमता विकासमा पनि सिएसआरसीले ध्यान दिनुपर्छ । कार्यकर्ताको जीविका कसरी सहज बनाउने, उनीहरूलाई कसरी सुरक्षित छु भन्ने महशुस गराउने वातावरण बनाउने । यस्ता विषयमा पनि ध्यान दिई रणनीतिक रूपमै अघि बढ्नुपर्छ । यसमा सिएसआरसीको मात्र होइन अभियानका साझेदार र सहयोगी संस्थाहरू पनि उत्तिकै लाग्नुपर्छ ।

१२. सिएसआरसीले जति काम गरेको छ त्यती डकुमेण्टेसन हुन सकेको छैन । भूमि पाउनेले त पाए, त्यसपछि के भयो ? यो विषयमा अभिलेखन गरिनुपर्छ ।

१३. अभियानमा लाग्ने सबै कार्यकर्ताहरूको जीवन बीमा अनिवार्य गरिदिनुपर्छ । भोली उनीहरूलाई केही भइहाल्यो भने उनीहरू वा परिवारको जीविका कसरी चल्छ त्यतातर्फ पनि सोचेर अघि बढ्नुपर्छ । यो कार्य तत्कालै गर्नु जरुरी छ ।

१४. अन्य दलहरूसँगको जस्तो मधेसी दलसँगको सम्बन्धमा कमी छ कि भन्ने हामीलाई लागेको छ । मधेसी दलहरू पनि शक्तिशाली भएकाले उनीहरूसँगको सहकार्य बढाउनुपर्ने देखिएको छ । उनीहरूलाई पनि आन्दोलनमा ल्याउनेतर्फ ध्यान दिनुहोस् ।

१५. 'सुरक्षित घरबास सबैलाई खेतीयोग्य जमिन किसानलाई' भन्ने नारा फैलाउँदै सबै राजनीतिक दलका दस्तावेजहरूमा पनि यो मुद्दा पार्ने गरी लवी गर्नको लागि सिएसआरसीले पनि ध्यान दिनुपर्ने छ । दलहरूलाई यो विषयमा महशुसीकरण गराउनुपर्छ ।

१६. राजनीतिक दलहरूलाई प्रभाव पार्ने र भूमि सुधारका लागि प्रतिवद्द गराउने हिसावले अभियानलाई अघि बढाउन सिएसआरसीले आगामी दिनमा रणनीति बनाउनुपर्ने देखिएका छ ।

१७. हामीकहाँ भूमिको व्यवस्थापन महत्वपूर्ण प्रश्न छ । अहिलेको नाप/नक्सा नै स्पष्ट छैन । यसमा त्रृटी छ । यसको लागि राज्यले लगानी बढाएर नाप/नक्सा एकपटक पुनः गरेर सुद्ध बनाउनुपर्छ । यसको लागि सिएसआरसीले अभियानमार्फत आवाज उठाएर राज्यलाई घच्घत्याउनु जरुरी छ ।

**सहभागी विवरण**

| क.सं. | नाम | संस्था ठेगाना |
|---|---|---|
| १. | शोभा ढकाल | आत्मनिर्भर केन्द्र |
| २. | भागिराम चौधरी | आत्मनिर्भर केन्द्र |
| ३. | अपराजिता गौतम | आत्मनिर्भर केन्द्र |
| ४. | रमिता श्रेष्ठ | आत्मनिर्भर केन्द्र |
| ५. | रोशन कार्की | आत्मनिर्भर केन्द्र |
| ६. | श्यामकुमार विक | आत्मनिर्भर केन्द्र |
| ७. | भगवती घले | आत्मनिर्भर केन्द्र |
| ८. | नरिराम लोहार | आत्मनिर्भर केन्द्र |
| ९. | शुभराज चौधरी | आत्मनिर्भर केन्द्र |
| १०. | यसोदा सापकोटा | आत्मनिर्भर केन्द्र |
| ११. | विश्वास नेपाली | आत्मनिर्भर केन्द्र |
| १२. | कुमार थापा | आत्मनिर्भर केन्द्र |
| १३. | भोला बस्नेत | आत्मनिर्भर केन्द्र |
| १४. | कल्पना कार्की | आत्मनिर्भर केन्द्र |
| १५. | सरिता लुइँटेल | आत्मनिर्भर केन्द्र |
| १६. | रेणुका पौडेल | आत्मनिर्भर केन्द्र, सर्लाही |
| १७. | शशिकला दाहाल | आत्मनिर्भर केन्द्र, महोत्तरी |
| १८. | उमा अर्याल | मुलपानी काठमाडौं |
| १९. | केशवप्रसाद बडाल | काठमाडौं |
| २०. | सरेश नेपाल | सिन्धुपाल्चोक |
| २१. | लालमणि भण्डारी | बाँके |
| २२. | मोना शेपा | हेल्भिटास नेपाल, काठमाडौं |
| २३. | यमुना घले | काठमाडौं |
| २४. | प्रकाश काफ्ले | केयर नेपाल |
| २५. | चिरिन्जीवि अधिकारी | काठमाडौं |
| २६. | लयप्रसाद उप्रेती | काठमाडौं |
| २७. | उद्धव अधिकारी | राष्ट्रिय कृषक समूह महासंघ |
| २८. | नर विक्रम थापा | काठमाडौं |
| २९. | कृष्णहरी पनेरु | केयर नेपाल |
| ३०. | उमानाथ अर्याल | फ्याक्ट नेपाल |
| ३१. | सिताराम तामाङ | फ्याक्ट नेपाल |
| ३२. | उद्धव राई | कोलार्प |
| ३३. | ज्योती बैद्य | केयर नेपाल |
| ३४. | लक्ष्मी चौधरी | दाङ |
| ३५. | गीता पण्डित | आत्मनिर्भर केन्द्र |

| | | |
|---|---|---|
| ३६. | उद्धव भट्टराई | ललितपुर |
| ३७. | कृष्णराज बीसी | भूमि सुधार तथा व्यवस्था मन्त्रालय |
| ३८. | उषा बीसी | काठमाडौं |
| ३९. | जगत बस्नेत | आत्मनिर्भर केन्द्र |
| ४०. | पुष्कर आचार्य | काठमाडौं |
| ४१. | हरिप्रसाद पुडासैनी | काठमाडौं |
| ४२. | भोला पासवान | आत्मनिर्भर केन्द्र |
| ४३. | चन्द्रिका मगर | बारा |
| ४४. | सरस्वती कटवाल | ओखलढुङ्गा |
| ४५. | गोपाल थापा मगर | काठमाडौं |
| ४६. | मानबहादुर क्षेत्री | बैतडी |
| ४७. | हंशराज जोशी | केयर नेपाल |
| ४८. | शान्तिराम भण्डारी | आत्मनिर्भर केन्द्र |
| ४९. | श्याम कार्की | केयर नेपाल |
| ५०. | विष्णु थापा | एसडिसी |
| ५१. | मानबहादुर माझि | हेल्भिटास नेपाल |
| ५२. | विकास मान डंगोल | आत्मनिर्भर केन्द्र |
| ५३. | जगत देउजा | आत्मनिर्भर केन्द्र |

**जय भूमि ।**